जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), एवं जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), सिरहाको संयुक्त बैठक ;

प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलज्यूको अध्यक्षतामा आज मिति २०७८/०६/१२ गते मङ्गलवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो ।

**उपस्थिति:**

प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्यालय, सिरहा - संयोजक

प्रमुख सेनानी, श्री सुमन थापा, शेर गण चोहर्वा , सदस्य

प्रहरी उपरीक्षक, श्री हिरा वहादुर पाण्डे , जिल्ला प्रहरी कार्यालय, सिरहा , सदस्य

सशस्त्र प्रहरी उपरीक्षक, श्री दिपेन्द्र गिरी , सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा. , सिरहा, सदस्य

उप.अनु. निर्देशक, श्री तुलसीराम प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा, सदस्य

जिल्ला समन्वय अधिकारी, श्री सुजित कुमार यादव, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा, सदस्य

भिडियो ग्राफर, जितेन्द्र प्रसाद साह, सिरहा अस्पताल, सिरहा, सदस्य

**आमन्त्रित:**

समन्वय प्रमुख - श्री राम चन्द्र ठाकुर, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

नगर प्रमुख - श्री श्रवण कुमार यादव, मिर्चैया नगरपालिकाको कार्यालय, सिरहा

प्रमुख प्रशासकीय अधिकृत, श्री बलिराम यादव, सिरहा नगरपालिकाको कार्यालय, सिरहा

कार्यालय प्रमुख – श्री शशि कुमार यादव, शिक्षा विकास तथा समन्वय इकाई, सिरहा

कार्यालय प्रमुख – श्री जगदशि पूर्वे, श्री भंसार कार्यालय, सिरहा, माडर

ब.ल्या. टे.नि - श्री उपेन्द्र प्रसाद साह, स्वास्थ्य कार्यालय, सिरहा

सभापति - श्री राजदेव यादव, नेपाल रेडक्रस सोसाइटी, सिरहा जिल्ला शाखा, सिरहा

केन्द्रीय परिषद् सदस्य - श्री देव कुमार यादव, नेपाल पत्रकार महासंघ

अध्यक्ष - श्री प्रमोद कुमार पौद्दार, सिरहा उद्योग बाणिज्य संघ, सिरहा

**जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) एवं जिल्ला विपद व्यवस्थापन समिति (DDMC), सिरहाको संयुक्त बैठक मिति २०७८/०६/१२ गते।**

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

**बैठकको कारवाही एवम् निर्णय**

१. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. ५८० मिति २०७८/०६/०७ को पत्रबाट नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत " विदेशबाट नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरुको यात्रा व्यवस्थापन सम्वन्धी आदेश, २०७८ " को व्यहोरा बैठकमा अवगत भयो । तत् सम्वन्धमा सोही कार्यविधि बमोजिम गर्ने गराउने ।

२. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. ६०८ मिति २०७८/०६/११ को पत्र एवं प्रतिनिधि सभा, विकास तथा प्रविधि समितिको च.नं. ३५ मिति २०७८/०६/१० को पत्रबाट नेपालीहरुको महान चाडपर्व नजिकिदै गर्दा हालैको बाढी पहिरोबाट क्षतिग्रस्त भएका राजमार्गहरु सहजरुपमा सुचारु हुने गरी व्यवस्थापन गर्न, कोभिड संक्रमणलाई समेत मध्यनजर गरी सवारी साधनको सिट क्षमता भन्दा बढी यात्रुहरु नराख्न र स्वास्थ्य मापदण्डको पूर्णरुपमा पालना गर्न गराउन तथा लामो दूरीमा चल्ने सवारी साधनहरुको भाडादर यात्रुहरुले सहजरुपमा थाहा पाउने गरी सवारी साधनमा टाँसने व्यस्था हुन, भौतिक रुपमा लामवद्ध भएर टिकट लिने प्रकृयालाई निरुत्साहित गर्दै अनलाईन टिकट वितरण प्रणालीलाई प्रभावकारि बनाई अनलाइनबाट टिकट खरिद गर्दा भाडादरमा केही प्रतिशत छुटको समेत व्यवस्था गरी यात्रुहरुलाई अनलाइन प्रणाली मार्फत टिकट खरिद गर्न प्रोत्साहन गर्न, दशैको लागि ७ दिन देशभरिका सवै यात्रुवाहक सवारी साधनलाई रुट अनुमती खुल्ला गर्न र यो सवै विषयको प्रभावकारी अनुगमन गर्ने गराउने सम्वन्धी पत्रको व्यहोरा बैठकमा अवगत भयो ।

३. नेपाल भारत महिला मैत्री समाजका अध्यक्ष माननीय संघीय सांसद चन्दा चौधरीले भारतीय सहयोग तथा नेपाल सरकारको भंसार महसुल मिन्हामा ल्याउनु भएको पाल :१०० (एक सय) र प्लास्टिक चटाई (मान्द्रो) :२०० थान मिति २०७८/०६/१० मा इलाका प्रहरी कार्यालय मिर्चैयामा डोम र मोची जातिका व्यक्तिहरुलाई प्रति परिवार १ पाल र २ चटाई गरी क्रमश पाल २० र चटाई ४० थान वितरण गर्नु भएको । वाँकी पाल ८० र चटाई: १६० मौजदात रही सो वाँकी सामाग्री आवश्यक व्यक्ति /परिवार र निकायलाई वितरण हुने सम्वन्धी व्यहोरा अवगत भयो ।

२०७८।६।१२

प्रमुख जिल्ला अधिकारी

४. सिरहा जिल्लामा कोभिड - १९ को संक्रमण एवम् व्यवस्थापन सम्बन्धी देहायको अवस्था बैठकमा अवगत भयो ।

| जिल्ला | संक्रमितको विवरण | | | | | | PCR | | Antigen | | | संक्रमितको उपचार अवस्था | | | | जिल्लामा उपलब्ध स्वास्थ्य पूर्वाधार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | हिजो सम्मको संक्रमितको संख्या | आज थप भएको संक्रमितको संख्या | निको भएको संख्या | दोस्रो चरणमा मृत्यु भएको संक्रमित संख्या | विगत २४ घण्टा भित्रको मृत्यु भएको संख्या | हालको सक्रिय संक्रमितको संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | होम आईसोलेसनमा रहेका संक्रमितको संख्या | क्वारेन्टिनमा रहेका संक्रमितको संख्या | सामान्य उपचारमा रहेका संख्या | ICU मा उपचाररत संख्या | HDU उपचाररत संख्या | भेन्टिलेटरमा उपचाररत संख्या | अस्पताल संख्या | बेड संख्या | HDU बेड संख्या (सिरहा अस्पतालको) | ICU संख्या | भेन्टिलेटर संख्या | अक्सिजन सिलण्डर संख्या |
| सिरहा | २८ | ० | १५६८ | १०७ | ० | २८ | ६७७७ | १७०३ | ० | ० | २८ | ० | ० | ० | ० | ० | १५ | ८५७ | ३० | ४४ | १२ | २५ |

**खोपको कार्यक्रमको प्रगति :**

| अभियान मिति | खोपको नाम | प्राप्त डोज संख्या | पहिलो डोज खोप लगाएको व्यक्ति संख्या | दोश्रो डोज खोप लगाएको व्यक्ति संख्या |
|---|---|---|---|---|
| २०७७ माघ १४ गते देखि ०७८ अश्विन १२ सम्मको | कोभिसिल्ड | ४८१७० | ४०२८५ | ६८०६ |
| २०७८ जेठ २६ गते देखि २०७८ अश्विन १२ सम्मको | भेरो सेल | ७३,६१० | ३४७७७ | ९०२९ |
| २०७८ श्रावण १० गते देखि ०७८ अश्विन १२ सम्मको | Janssen | ३५,००० | ३६१०४ | |
| २०७८ भाद्र १६ देखि अश्विन १२ सम्मको | Astrajeneca | ७३,२०० | खोप कार्यक्रम संचालनमै रहेको हुँदा प्रतिवेदन प्राप्त नभएको । | |

५.